योजना अधिकृतले अनुसन्धान विभाग (Research Department) बाट प्राप्त आधारभूत विश्लेषण प्रतिवेदन (Fundamental Analysis Report) र प्राविधिक विश्लेषण प्रतिवेदन (Technical Analysis Report) को आधारमा बजारको अवस्था विश्लेषण गरी सोहि अनुरुप लगानी योजना (Investment Plan) तयार गर्नेछन् । यसरी तयार गरिएको लगानी योजनालाई लगानी नीति बमोजिम आवश्यकता अनुसार प्रबन्ध संचालक/प्रमुख कार्यकारी अधिकृत/लगानी समिति/संचालक समिति तहसम्म पुऱ्याई आवश्यकता अनुसार परिमार्जन तथा स्वीकृत गरी लगानी विभाग अन्तर्गतको म्युचुअल फण्ड शाखा मार्फत योजनाको लगानी गर्ने क्षेत्रहरुमा लगानीको योजना कार्यान्वयन गरिनेछ ।

लगानी योजनाको कार्यान्वयनमा कुनै कठिनाई उत्पन्न भएमा वा बजारको अवस्था बमोजिम पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएमा लगानी विभागले सम्बन्धित योजना व्यवस्थापन अधिकृतलाई जानकारी गराउनेछ जसले आवश्यकता अनुसार परिमार्जन प्रक्रिया अगाडि बढाउनेछ। यसरी तयार गरिएको लगानी योजना म्युचुअल फण्ड सफ्टवेयरमा प्रविष्टि गरी सो अनुसार भएको कारोवारलाई समेत कारोवार भएकै दिन भित्र सफ्टवेयरमा प्रविष्टि गरिनेछ । यसरी छुट्टाछुट्टै योजनाको व्यवस्थापन कार्यान्वयनको छुट्टाछुट्टै अधिकारीलाई जिम्मेवारी दिई Conflict of Interest व्यवस्थापन गरिनेछ । यसका साथै प्रत्येक योजनाका लागि छुट्टाछुट्टै लेखापरिक्षक नियुक्ति गर्ने, योजनाको लगानी अनुरुपका लगानी प्रमाणपत्र दर्ता किताब प्रयोग गरी सुरक्षित र छुट्टाछुट्टै फाईल बनाई भल्टमा राख्ने, कारोवारबाट प्राप्त नगद सिधै एकाउण्टपेयी चेक मार्फत प्रत्येक योजनाको खातामा सिधै जम्मा गर्ने जस्ता व्यवस्था गरिनेछ । प्रत्येक योजनाको हेरेक कामकारवाहीको विवरण मासिक रुपमा कोष सुपरिवेक्षक समक्ष पेश गर्न व्यवस्था मिलाईएको हुँदा यस लिमिटेडबाट संचालित योजनाहरुमा Conflict of Interest नरहने उद्घोषण गर्दछौं ।

हाल सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत तीन वटा योजनाहरु संचालन भईरहेका छन् र सो योजनाहरुमा Conflict of Interest व्यवस्थापनको लागि माथि उल्लेखित व्यवस्थाहरु नै पालना भईरहेको छ।

८.४ योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण :

क. वासलात : **(रु. हजारमा)**

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
सम्पत्ति										
लगानी	५०६,०००	९३०,२९२	९८५,७८८	९९५,५२९	१,०६८,८६५	१,०८२,८७४	१,०९८,२२८	१,१११,४१५	१,१२३,०८१	१,१४८,४९०
बैंक मौज्दात	५७८,१०९	२५१,५१५	२६७,८६३	२८०,११५	२२७,६९०	२३२,६४१	२२१,४५४	२२५,९५९	२४२,८६९	१३८,३९१
चालु सम्पत्ति	५,०००	१,०१९	१,०८२	१,०९३	५,२९५	५,३६४	१२,६२७	१३,९०७	१५,३०८	४८,२८१
जम्मा सम्पत्ति	**१,०८९,१०९**	**१,१८२,८२६**	**१,२५४,७३३**	**१,२७६,७३७**	**१,३०१,८४९**	**१,३२०,८७८**	**१,३३२,३०९**	**१,३५१,२८१**	**१,३८१,२५८**	**१,३३५,१६२**
दायित्व										
इक्वाई पूँजी	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००
बचत तथा जगेडा	१९,३८७	८२,३३२	९३,०२७	११४,६४९	१२९,२५८	१४७,८७४	१५८,९३१	१७७,५४२	२०७,०३१	२२०,९४५
चालु दायित्व	६९,७२२	१००,४९४	१६१,७०६	१६२,०८८	१७२,५९१	१७३,००४	१७३,३७७	१७३,७३९	१७४,२२७	११४,२१७
जम्मा दायित्व	**१,०८९,१०९**	**१,१८२,८२६**	**१,२५४,७३३**	**१,२७६,७३७**	**१,३०१,८४९**	**१,३२०,८७८**	**१,३३२,३०९**	**१,३५१,२८१**	**१,३८१,२५८**	**१,३३५,१६२**

ख. नाफा नोक्सान हिसाब :

(रु. हजारमा)

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
आम्दानी										
ब्याज आम्दानी (मुद्दति निक्षेप)	-	-	-	-	४,४५९	४,५१७	११,४७९	१२,७४८	१४,१३१	४७,०७४
नगद लाभांश	२५,०००	४५,८७२	४८,७०५	४९,१८६	४७,३७३	४७,९९३	४३,०४५	४३,४६०	४४,१५८	१८,१०५
धितोपत्र बिक्रीबाट आय/व्याय	६०,०००	११०,०९४	१२४,१९८	१३३,७८६	१३६,९०७	१३८,७०१	१३१,७१९	१३२,९८७	१५१,०२०	६५,१८०
अप्राप्य लाभ/घाटा	६,०००	१२,८४४	११,६८९	११,८०५	९,९४८	१०,०७९	७,७४८	१०,४३०	४,४१६	१,८११
ब्याज आम्दानी (कल निक्षेप)	५,०००	१,०१९	१,०८२	१,०९३	८३६	८४७	१,१४८	१,१५९	१,१७८	१,२०७
कूल आम्दानी (क)	९६,०००	१६९,८३०	१८५,६७४	१९५,८७०	१९९,५२२	२०२,१३७	१९५,१३९	२००,७८५	२१४,९०१	१३३,३७७
खर्चहरु										
योजना व्यवस्थापन शुल्क	१५,६६०	१६,४६४	१७,४२४	१७,६७७	१८,०२६	१८,२९२	१८,५१५	१८,७५७	१९,१०१	१९,०२१
कोष सूपरिवेक्षण शुल्क	८३५	८७८	९२९	९४३	९६१	९७६	९८७	१,०००	१,०१९	१,०१४

डिपोजिटरी शुल्क	२,०८८	२,१९५	२,३२३	२,३५७	२,४०३	२,४३९	२,४६९	२,५०१	२,५४७	२,५३६
लेखापरिक्षण शुल्क	१७०	१८६	२०५	२२६	२४८	२७३	३००	३३०	३६३	४००
सूचीकरण शुल्क	४७०	२२०	२२०	२२०	२२०	२२०	२२०	२२०	२२०	२२०
योजना दर्ता शुल्क	१,०००	-	-	-	-	-	-	-	-	-
नोटिस तथा विज्ञापन शुल्क	५००	५५०	६०५	६६६	७३२	८०५	८८६	९३०	९७७	१,०२५
अन्य नियमित वार्षिक खर्च	३५०	३८५	४२४	४६६	५१२	५६४	६२०	६८२	७५०	८२५
योजना प्रक्षेपण लेखापरिक्षण शुल्क	२५	-	-	-	-	-	-	-	-	-
योग्य संस्थागत लगानीकर्ता दर्ता तथा वार्षिक शुल्क	२५	५	५	५	५	५	५	५	५	५
निष्काशन खर्च	५,४९१	-	-	-	-	-	-	-	-	-
कूल खर्चहरु (ख)	२६,६१३	२०,८८४	२२,१३५	२२,५५९	२३,१०९	२३,५७३	२४,००३	२४,४२६	२४,९८२	२५,०४७
संचालन मुनाफा/(नोक्सान) (क) (ख)	६९,३८७	१४८,९४६	१६३,५३९	१७३,३११	१७६,४१३	१७८,५६४	१७१,१३६	१७६,३५९	१८९,९२०	१०८,३३०
आयकर व्यवस्था	-	-	-	-	-	-	-	-	-	-
नाफा /(नोक्सान)	६९,३८७	१४८,९४६	१६३,५३९	१७३,३११	१७६,४१३	१७८,५६४	१७१,१३६	१७६,३५९	१८९,९२०	१०८,३३०
वितरण योग्य नाफा	६३,३८७	१३६,१०१	१५१,८५०	१६१,५०७	१६६,४६५	१६८,४८६	१६३,३८८	१६५,९२८	१८५,५०४	१०६,५१९
प्रस्तावित लाभांश	५०,०००	८०,०००	१४०,०००	१४०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	९०,०००
संचालन मुनाफा/(नोक्सान)	१३,३८७	५६,१०१	११,८५०	२१,५०७	१६,४६५	१८,४८६	१३,३८८	१५,९२८	३५,५०४	१६,५१९
अगाडि सारिएको संचालन मुनाफा/ (नोक्सान)	१३,३८७	५६,१०१	११,८५०	२१,५०७	१६,४६५	१८,४८६	१३,३८८	१५,९२८	३५,५०४	१६,५१९
लाभांश वितरण दर	५%	८%	१४%	१४%	१५%	१५%	१५%	१५%	१५%	९%

ग. नगद प्रवाहको विवरण :

(रु. हजारमा)

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
संचालन गतिविधिबाट नगद प्रवाह										
नगद प्राप्ति	९०,०००	१५६,९८६	१७३,९८५	१८४,०६६	१८९,५७४	१९२,०५९	१८७,३९०	१९०,३५४	२१०,४८६	१३१,५६६
नगद भुक्तानी	(२६,६१३)	(२०,८८४)	(२२,१३५)	(२२,५५९)	(२३,१०९)	(२३,५७३)	(२४,००३)	(२४,४२६)	(२४,९८२)	(२५,०४७)
क्रियाशिल पूँजी समायोजन अघिको नगद प्रवाह	**६३,३८७**	**१३६,१०१**	**१५१,८५०**	**१६१,५०७**	**१६६,४६५**	**१६८,४८६**	**१६३,३८८**	**१६५,९२८**	**१८५,५०४**	**१०६,५१९**
चालु सम्पत्ति (वृद्धि)/कमी	(५,०००)	३,९८१	(६३)	(११)	(४,२०२)	(६९)	(७,२६३)	(१,२८१)	(१,४०१)	(३२,९७३)
चालु दायित्व (वृद्धि)/कमी	१९,७२२	७७२	१,२१२	३८२	५०३	४१३	३७३	३६२	४८७	(१०)
संचालन गतिविधिबाट नगद प्रवाह (क)	**७८,१०९**	**१४०,८५४**	**१५२,९९९**	**१६१,८७८**	**१६२,७६७**	**१६८,८२९**	**१५६,४९८**	**१६५,००९**	**१८४,५९०**	**७३,५३६**
लगानी गतिविधिबाट नगद प्रवाह	–	–	–	–	–	–	–	–	–	–
धितोपत्र लगानीमा (वृद्धि)/कमी	(५००,०००)	(४१७,४४८)	(५६,६५१)	(९,६२५)	(७५,१९३)	(१३,८७८)	(१७,६८५)	(१०,५०५)	(१७,६८०)	(२८,०१५)
स्थिर सम्पत्तिमा (वृद्धि)/कमी	–	–	–	–	–	–	–	–	–	–
लगानी गतिविधिबाट नगद प्रवाह (ख)	(५००,०००)	(४१७,४४८)	(५६,६५१)	(९,६२५)	(७५,१९३)	(१३,८७८)	(१७,६८५)	(१०,५०५)	(१७,६८०)	(२८,०१५)
वित्तीय गतिविधिबाट नगद प्रवाह	–	–	–	–	–	–	–	–	–	–
इकाई पूँजी (वृद्धि)/कमी	१,०००,०००	–	–	–	–	–	–	–	–	–
लाभांश वितरण	–	(५०,०००)	(८०,०००)	(१४०,०००)	(१४०,०००)	(१५०,०००)	(१५०,०००)	(१५०,०००)	(१५०,०००)	(१५०,०००)
वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)	**१,०००,०००**	**(५०,०००)**	**(८०,०००)**	**(१४०,०००)**	**(१४०,०००)**	**(१५०,०००)**	**(१५०,०००)**	**(१५०,०००)**	**(१५०,०००)**	**(१५०,०००)**
खुद नगद प्रवाह (क) +(ख)+(ग)	**५७८,१०९**	**(३२६,५९४)**	**१६,३४८**	**१२,२५२**	**(५२,४२६)**	**४,९५१**	**(११,१८७)**	**४,५०५**	**१६,९१०**	**(१०४,४७८)**
नगद तथा बैंकमा रहेको शुरु मौज्दात	–	**५७८,१०९**	**२५१,५१५**	**२६७,८६३**	**२८०,११५**	**२२७,६९०**	**२३२,६४१**	**२२१,४५४**	**२२५,९५९**	**२४२,८६९**
नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात	**५७८,१०९**	**२५१,५१५**	**२६७,८६३**	**२८०,११५**	**२२७,६९०**	**२३२,६४१**	**२२१,४५४**	**२२५,९५९**	**२४२,८६९**	**१३८,३९१**

घ. प्रति इकाई खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण :

(रु. हजारमा)

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
लगानी	५००,०००	९१७,४४८	९७४,०९९	९८३,७२४	१,०५८,९१७	१,०७२,७९५	१,०९०,४८०	१,१००,९८५	१,११८,६६५	१,१४६,६८०
अवास्तविक संचयी लाभ	६,०००	१२,८४४	११,६८९	११,८०५	९,९४८	१०,०७९	७,७४८	१०,४३०	४,४१६	१,८११
बैंक मौज्दात	५७८,१०९	२५१,५१५	२६७,८६३	२८०,११५	२२७,६९०	२३२,६४१	२२१,४५४	२२५,९५९	२४२,८६९	१३८,३९१
चालु सम्पत्ति	५,०००	१,०१९	१,०८२	१,०९३	५,२९५	५,३६४	१२,६२७	१३,९०७	१५,३०८	४८,२८१
जम्मा सम्पत्ति	१,०८९,१०९	१,१८२,८२६	१,२५४,७३३	१,२७६,७३७	१,३०१,८४९	१,३२०,८७८	१,३३२,३०९	१,३५१,२८१	१,३८१,२५८	१,३३५,१६२
खुद सम्पत्ति मूल्य	६९,७२२	१००,४९४	१६१,७०६	१६२,०८८	१७२,५९१	१७३,००४	१७३,३७७	१७३,७३९	१७४,२२७	११४,२१७
ग्रस प्रति इकाई खुद सम्पत्ति मूल्य	१,०१९,३८७	१,०८२,३३२	१,०९३,०२७	१,११४,६४९	१,१२९,२५८	१,१४७,८७४	१,१५८,९३१	१,१७७,५४२	१,२०७,०३१	१,२२०,९४५
इकाई संख्या	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००
प्रति इकाई खुद सम्पत्ति मूल्य (रु.)	१०.१९	१०.८२	१०.९३	११.१५	११.२९	११.४८	११.५९	११.७८	१२.०७	१२.२१
लाभांश वितरण	५०,०००	८०,०००	१४०,०००	१४०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	९०,०००
लाभांश वितरण अघिको खुद सम्पत्ति मूल्य(लाभांश पछिको)	१,०६९,३८७	१,१६२,३३२	१,२३३,०२७	१,२५४,६४९	१,२७९,२५८	१,२९७,८७४	१,३०८,९३१	१,३२७,५४२	१,३५७,०३१	१,३१०,९४५
प्रति इकाई खुद सम्पत्ति मूल्य (लाभांश अघिको) (रु.)	१०.६९	११.६२	१२.३३	१२.५५	१२.७९	१२.९८	१३.०९	१३.२८	१३.५७	१३.११

* योजना व्यवस्थापकले तयार गरेको माथिको प्रक्षेपण **प्रशिद्ध एण्ड एसोसिएटस्, चार्टर्ड एकाउण्टेन्ट्स**बाट प्रमाणित भएको छ।

ङ. वित्तीय प्रक्षेपणका आधारहरु

सिटिजन्स सुपर ५० को वित्तीय विवरणहरु देहाय बमोजिम प्रक्षेपण गरिएको छ।

१. सम्पत्तिको बाँडफाँड

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
स्थिर आय उपकरण	०%	०%	०%	०%	१०%	१०%	२०%	२०%	२०%	६५%
सूचिकृत तथा असूचिकृत धितोपत्र	५०%	९०%	९०%	९०%	८५%	८५%	७५%	७५%	७५%	३०%
बैंक चल्ती/कल खाता	५०%	१०%	१०%	१०%	५%	५%	५%	५%	५%	५%
जम्मा	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**

साथै सम्पत्तिको बाँडफाँड विभिन्न चरणमा देहाय बमोजिम रहनेछ :

१ देखि ४ वर्षसम्म (वृद्धि चरण)

सुरुवाती वर्षहरुमा योजनाले अपेक्षाकृत अनुकुल शेयर बजार मुल्याङ्कन र स्थिर निक्षेप र डिबेन्चरहरुमा तुलनात्मक रुपमा कम ब्याजदरहरुलाई ध्यानमा राख्दै शेयरहरुमा उच्च जोखिम मान्दछ। तरलता व्यवस्थापन र कोषको चरणबद्ध परिनियोजनको लागि पहिलो वर्षमा उच्च नगद विनियोजन कायम राखिएको छ।

५ बदेखि ७ वर्षसम्म (सन्तुलित चरण)

मध्य चरणमा, योजनाले स्थिर निक्षेप तथा डिबन्चरहरुमा बिस्तारै लगानी बढाउँदै शेयरमा लगानी बिस्तारै घटाउनेछ। यस नितिले नियमित आय आर्जनसँग पूँजी मूल्यङ्कनलाई सन्तुलनमा राख्ने र पोर्टफोलियो अस्थिरता कम गर्ने लक्ष राख्दछ।

८ देखि १० वर्ष सम्म (पूँजी संरक्षण चरण)

पछिल्लो वर्षहरुमा, योजनाले पोर्टफोलियोको ठूलो भागलाई स्थिर आय उपकरणहरुमा क्रमसः सार्छ र शेयर तर्फ लगानी घटाउँछ। यो रणनिति संचित लाभहरु संरक्षण गर्ने, आयमा स्थिरता बढाउने र योजना परिपक्वता नजिकिँदै गर्दा बजार जोखिम न्यूनीकरण गर्ने कुरामा केन्द्रित छ।

नोट : १ माथि उल्लेखित विवरण वित्तीय प्रक्षेपण तथा सो का आधारहरु सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) को नियम ३६ को उपनियम १ र २ को लगानी क्षेत्र भित्र रहेको छ। २. उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्यनजर गरी प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रको लगानीमा सार्न सकिनेछ। यो योजनाले नियमित रुपमा बजारमा देखिएका लगानीको अनुकुलता अथवा प्रतिकुलताको आधारमा योजना अन्तर्गत विभिन्न क्षेत्रमा भएको लगानीको अनुपातलाई फेरबदल गर्न सक्नेछ। माथि उल्लेखित लगानीको सीमाहरु सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) को अधिनमा रहेको छ तथा नेपाल धितोपत्र बोर्डको निर्देशन अनुसार सो परिवर्तन हुन सक्नेछ। नगद तथा नगद समान/कल निक्षेपको सीमा अन्य माथि उल्लेखित लगानीको सीमाहरुमा हुने घटबढले फरक पर्न सक्नेछ।

३. शुल्क तथा खर्चहरु (योजना निष्काशन तथा नियमित) :

(रु. मा)

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
योजना व्यवस्थापन शुल्क	१५,६५९,७७१	१६,४६४,४२४	१७,४२३,९३४	१७,६७७,२३०	१८,०२६,२०३	१८,२९१,६७४	१८,५१५,२३६	१८,७५७,३७९	१९,१०१,०७०	१९,०२०,९९२
कोष सूपरिवेक्षण शुल्क	८३५,१८८	८७८,१०३	९२९,२७६	९४२,७८६	९६१,३९७	९७५,५५६	९८७,४७९	१,०००,३९४	१,०१८,७२४	१,०१४,४५३
डिपोजिटरी शुल्क	२,०८७,९७०	२,१९५,२५६	२,३२३,१९१	२,३५६,९६४	२,४०३,४९४	२,४३८,८९०	२,४६८,६९८	२५००,९८४	२५,४६,८०९	२५,३६,१३२
लेखापरिक्षण शुल्क	१६९,५००	१८६,४५०	२०५,०९५	२२५,६०५	२४८,१६५	२७२,९८१	३००,२८०	३३०,३०८	३६३,३३८	३९९,६७२
सूचीकरण शुल्क	४७०,०००	२२०,०००	२२०,०००	२२०,०००	२२०,०००	२२०,०००	२२०,०००	२२०,०००	२२०,०००	२२०,०००
योजना दर्ता शुल्क	१,०००,०००	-	-	-	-	-	-	-	-	-
नोटिस, विज्ञापन तथा अन्य शुल्क	५००,०००	५५०,०००	६०५,०००	६६५,५००	७३२,०५०	८०५,२५५	८८५,७८१	९३०,०७०	९७६,५७३	१,०२५,४०२
नियमित वार्षिक खर्च	३५०,०००	३८५,०००	४२३,५००	४६५,८५०	५१२,४३५	५६३,६७९	६२०,०४६	६८२,०५१	७५०,२५६	८२५,२८२
योजना प्रक्षेपण लेखापरिक्षण शुल्क	२५,०००	-	-	-	-	-	-	-	-	-
योग्य संस्थागत लगानीकर्ता दर्ता तथा वार्षिक शुल्क	२५,०००	५,०००	५,०००	५,०००	५,०००	५,०००	५,०००	५,०००	५,०००	५,०००
निष्काशन शुल्क	५,४९१,०००	-	-	-	-	-	-	-	-	-

विवरण	आधार तथा अनुमान
शुल्क तथा खर्चहरु (योजना निष्काशन तथा नियमित)	• योजना दर्ता शुल्क : सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) अनुसूची १५ को कानूनी व्यवस्था अनुसार । • लेखापरीक्षण शुल्क : लेखापरिक्षकको प्रस्तावित शुल्क अनुसार । वार्षिक १० प्रतिशत बृद्धि हुन सक्ने । • नियमित वार्षिक खर्च : वार्षिक १० प्रतिशत बृद्धि हुन सक्ने । • सुपरिवेक्षण शुल्क : सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) को नियम २३ को कानूनी व्यवस्था अनुसार • डिपोजिटरी शुल्क : सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) को नियम २३ को कानूनी व्यवस्था अनुसार • योजना व्यवस्थापन शुल्क : सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) को नियम २३ को कानूनी व्यवस्था अनुसार

४. प्रक्षेपित प्रतिफल :

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
मुद्दति निक्षेप, बण्ड/डिबेन्चर तथा स्थिर आय उपकरण	३.००%	३.००%	३.००%	३.००%	४.००%	४.००%	५.००%	५.५०%	६.००%	६.००%
सूचिकृत तथा असूचिकृत धितोपत्र	**५.००%**	**५.००%**	**५.००%**	**५.००%**	**५.००%**	**५.००%**	**५.००%**	**५.००%**	**५.००%**	**५.००%**
नगद लाभांश	५.००%	५.००%	५.००%	५.००%	५.००%	५.००%	५.००%	५.००%	५.००%	५.००%

खुद नाफा (बैंक चल्ती/कल खाता)	१.००%	१.००%	१.००%	१.००%	१.५०%	१.५०%	२.००%	२.००%	२.००%	२.००%
वास्तविक पुजीगत नाफा/ नोक्सान	१५.००%	१५.००%	१५.००%	१६.००%	१७.००%	१७.००%	१८.००%	१८.००%	१९.००%	२०.००%
साकार हुन बाँकी इक्वीटी	८०.००%	८०.००%	८५.००%	८५.००%	८५.००%	८५.००%	८५.००%	८५.००%	९०.००%	९०.००%
संचयी अवास्तविक पुजीगत नाफा/ नोक्सान	६.००%	७.००%	८.००%	८.००%	७.००%	७.००%	६.००%	८.००%	५.००%	५.००%
इक्वीटीमा प्रतिफल (वास्तविक/ अवास्तविक)	१३.२०%	१३.४०%	१३.९५%	१४.८०%	१५.५०%	१५.५०%	१६.२०%	१६.५०%	१७६०%	१८.५०%

प्रक्षेपणका आधारहरु :

१. माथि उल्लेखित लगानीको प्रतिशत सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) को नियम ३६ को उपनियम १ र २ मा तोकिएको लगानी सीमा भित्र रहेको छ।

२. बैंक मुद्दति निक्षेप, बण्ड/डिबेन्चर तथा स्थिर आय उपकरणबाट ३ देखि ६ प्रतिशतसम्म प्रतिफल प्राप्त हुने अनुमान विद्यमान बजारको स्थितिलाई हेरी गरिएको हो।

३. नगद लाभांशबाट प्रत्येक वर्ष औषतमा ५ प्रतिशत प्रतिफल प्राप्त हुने अनुमान गरिएको हो।

४. ब्याज आम्दानी (कल निक्षेप) बाट दैनिक रुपमा प्राप्त हुने बैंक खाता मार्फत औषत वार्षिक १ देखि २ प्रतिशतसम्म ब्याजदर प्राप्त हुने प्रक्षेपण गरिएको हो।

५. धितोपत्र लगानीमा बाट प्राप्त हुने पूँजीगत लाभबाट १३.२ देखि १८.५ प्रतिशतसम्म प्राप्त हुने प्रक्षेपण गरिएको हो।

५. पाउनुपर्ने तथा भुक्तानी गर्नुपर्ने :

चालु सम्पत्ति : माग तथा अल्प सूचनामा प्राप्त हुने ब्याज आम्दानी त्रैमासिक रूपमा गणना गरिएको स्थिर लगानीमा प्राप्त ब्याज आम्दानी अर्ध-वार्षिक रूपमा गणना गरिएको ब्याज आम्दानी तथा शेयर ब्रोकरबाट प्राप्त हुन बाँकी भुक्तानी।

चालु दायित्व : योजना व्यवस्थापन शुल्क, डिपोजीटरी शुल्क तथा सुपरिवेक्षण शुल्क त्रैमासिक रूपमा भुक्तानी गरिने तथा सन्ड्री क्रेडिटर्स, कानूनी शुल्क तथा धितोपत्र दलाल शुल्क त्रैमासिक रुपमा भुक्तानी गरिने।

८.६ योजनाको खर्च सम्बन्धी विवरण :

योजनाको खर्च सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

(क) योजना निष्काशनका लागि गरिने खर्च :

क्र.सं.	खर्चको शिर्षकहरु	रकम
१	छपाई र प्रकाशन खर्च	५००,०००/-
२	विज्ञापन खर्च (टिभि, फम एम रेडियो, अनलाइन)	१,५००,०००/-
३	निष्काशन तथा बिक्री प्रबन्धक शुल्क	२,५००,०००/–
४	संकलन तथा बाँडफाँड खर्च	९१,०००/–
५	आवेदन रुजु शुल्क	१८०,०००/–
६	सि.डि.एस.सि. (CDSC) IPO प्रमाणित तथा प्रशोधन शुल्क	५४०,०००/–
७	नेप्से (NEPSE) लिस्टिङ दरखास्त	१५,०००/–
८	सफ्टवेयर जडान तथा अनुकुलन (Customization) शुल्क	१००,०००/–
९	योजना दर्ता शुल्क	२०,०००/-
१०	विवरण पुस्तिका प्रशोधन शुल्क	२५,०००/–
११	सि.डि.एस.सि. (CDSC) सफ्टवेयर जडान	२०,०००/–
	कूल खर्च	**५४,९१,०००/–**

नोट :

क) माथि उल्लेखित खर्चहरु योजनाको वित्तीय प्रक्षेपणमा आधारित रहेको छ । साथै, खर्चहरु समय सापेक्ष परिवर्तन हुन सक्नेछ । नियमावलीको व्यवस्था बमोजिमको नेपाल धितोपत्र बोर्डमा योजना दर्ता शुल्क : ०.०५ प्रतिशत वा न्यूनतम दश लाख रुपैयाँ हुनेछ ।

ख) माथि उल्लेख गरिएको स.डि.एस.सि. (CDSC) IPO प्रमाणित तथा प्रशोधन शुल्क रु. ५४०,०००/– देहायको अनुमानित खर्चको आधारमा प्रक्षेपण गरिएको हो :

क्र.सं.	विवरण	रकम रु.
१	अनुमानित इकाईधनी संख्या ९०,०००	
२	प्रारम्भिक निष्काशन प्रमाणित शुल्क - प्रति हितग्राही रु.१।-	९०,०००/–
३	प्रारम्भिक निष्काशन प्रशोधन शुल्क - प्रति हितग्राही रु.५।-	४५०,०००/–
कुल रकम		**५४०,०००/–**

नोट : वास्तविक इकाईधनी संख्याका आधारमा सि.डि.एस.सि. (CDSC) IPO प्रमाणित तथा प्रशोधन शुल्क परिवर्तन हुनेछ ।

निष्काशन तथा बिक्री प्रबन्धक शुल्क अन्तर्गत निम्न कार्यहरु सम्पादन गरे बापतको शुल्क समावेश गरिएको छ ।

क) विवरण पत्र तयार गर्ने तथा सोसँग सम्बन्धित सम्पूर्ण कार्यहरु गर्ने,

ख) निष्काशन गरिने धितोपत्रसँग सम्बन्धित सूचना तथा विवरणहरु प्रवाह गर्ने,

ग) निष्काशन तथा बिक्री खुल्ला गरी रकम संकलन गर्ने,

घ) धितोपत्रको बाँडफाँड तथा बाँडफाँडमा नपरेका आवेदकहरुको रकम फिर्ता गर्ने,

ङ) बाँडफाँडमा कायम इकाईधनीले प्राप्त गरेको इकाई सम्बन्धित आवेदकले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गरिदिने ,

च) बाँडफाँडमा कायम इकाईहरुको धितोपत्रको दोश्रो बजारमा खरिद बिक्रीको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गराउने लगायतका कार्यहरु गर्ने ।

(ख) योजनाको नियमित खर्च :

क्र.सं.	खर्चको शिर्षकहरु	रकम
१	लगानी व्यवस्थापन शुल्क	खुद सम्पत्ति मूल्यको १.५ प्रतिशत
२.	कोष सुपरिवेक्षक शुल्क	खुद सम्पत्ति मूल्यको ०.२० प्रतिशत सम्म
३.	डिपोजिटरी शुल्क	खुद सम्पत्ति मूल्यको ०.२० प्रतिशत

डिपोजिटरी शुल्क अन्तर्गत निम्न कार्यहरु सम्पादन गरे बापतको शुल्क समावेश गरिएको छ।

क) इकाईधनीको अभिलेख राख्ने तथा इकाईधनीको नामसारी सम्बन्धी कार्य गर्ने,

ख) योजना अन्तर्गतको धितोपत्र सुरक्षापुर्वक राख्ने,

ग) म्युचुअल फण्ड अन्तर्गतको धितोपत्र रकम लाभांश वा अन्य आम्दानी संकलन गर्ने तथा सो को अभिलेख राख्ने,

घ) योजना व्यवस्थापकको निर्देशन बमोजिम सहभागिहरुलाई धितोपत्र, रकम, लाभांश वितरण गर्ने,

ङ) बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने।

नोट योजना व्यवस्थापक द्वारा संचालित योजनाको कोष सुपरिवेक्षक बैठक संग सम्बन्धित खाजा खर्च योजनाहरुबीच साझा खर्चको रुपमा बाँडफाँड गर्ने गरिएको छ ।

नोट : नियमक निकायको निर्देशन संगै समय समयमा शुल्कहरु परिवर्तन हुन सक्नेछ ।

बोर्डले तोकेको अवस्थामा बाहेक उपर्युक्त शीर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाइने छैन। खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिईनेछ।

८.७ योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ। खुद मुनाफा मध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ।

८.८ लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था :

नेपाल सरकारको नीति बमोजिम सामूहिक लगानी कोषका लागि नेपाल सरकारले जारी गरेको आर्थिक विधेयकले योजना अन्तर्गत संकलित रकम लगानी गरेबापत प्राप्त गर्ने लाभांश, ब्याज तथा पूँजीगत लाभकर आम्दानीमा कुनै कर नलाग्ने र योजनाले प्रतिफल वितरण गर्दा नेपाल सरकारले तोकेको प्रचलित कानून बमोजिमको कर सम्बन्धी व्यवस्था लागु हुनेछ। भविष्यमा यस सम्बन्धी व्यवस्था जारी हुने आर्थिक विधेयक अनुसार हुनेछ।

८.९ योजनाका इकाईहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया :

यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण हुने छैनन् । योजनाको अवधि समाप्त भए पश्चात् योजनाको सम्पत्ति बिक्री गरी इकाईधनीहरुलाई समानुपातिक आधारमा वितरण गरिनेछ। योजनाको निर्धारित अवधि समाप्त हुनु भन्दा बढीमा ६ महिना अगाडि देखि नै बजारको अवस्था हेरी क्रमिक रुपले योजनाको लगानीलाई तरलतामा परिणत गर्ने प्रकृया शुरु गरी सो बाट प्राप्त रकमलाई मुद्दति निक्षेपमा राख्दै जाने योजना रहेको छ। अवधि समाप्त नभएको अवस्थामा सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ र नियम ३३ बमोजिम सहभागीहरुको सभा बोलाई सो सभामा उपस्थित सहभागीको बहुमतबाट योजना खोरेजीको प्रस्ताव पारित गराई त्यसरी योजना खोरेज गर्नु परेको कारण बारे बोर्डलाई जानकारी दिनुका साथै राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा दुईपटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ। सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३१ को उपनियम (६) बमोजिम योजना खोरेज गर्ने स्वीकृतिप्राप्त भएपछि त्यस्तो स्वीकृति प्राप्त भएको तीन महिनाभित्र यस योजना अन्तर्गतको सम्पत्तिलाई नगदमा परिणत गरी सहभागीहरुलाई इकाईको स्वामित्वको अनुपातमा भुक्तानी दिइनेछ।

खोरेज गर्न स्वीकृती प्राप्त योजना नगदमा परिणत हुन नसक्ने भएमा बोर्डको स्वीकृति लिई त्यस्तो योजनालाई नयाँ योजनामा परिणत गरी सहभागीहरुलाई नयाँ योजनाको इकाई वितरण गरिनेछ। खोरेज भएको योजनाको सहभागीले सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ को उपनियम (६) बमोजिम नयाँ योजनाको इकाई लिन नचाहेमा त्यस्तो सहभागीलाई निजको इकाईको स्वामित्वको अनुपातमा नगद भुक्तानी गर्ने व्यवस्था गरिनेछ। योजनालाई नयाँ योजनामा परिणत गर्ने सम्बन्धी व्यवस्था र अपनाउने प्रकृया सामूहिक लगानी कोष नियमावली, २०६७ को अधीनमा रही बोर्डको स्वीकृति अनुरुप हुनेछ।

८.१० खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था :

(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :

प्रति इकाई खुद सम्पत्ति मूल्य (नेट एसेट भ्यालु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई संख्याले भाग गरी प्रति इकाई खुद सम्पत्ति मूल्य कायम गरिनेछ। खुद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

$$\text{प्रति इकाई खुद सम्पत्ति मूल्य} = \frac{\text{लगानी मूल्य + प्रतिफल + अन्य आय − दायित्व तथा अपलेखन नगरिएको स्थगन तथा विविध खर्च}}{\text{कुल इकाई संख्या}}$$

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था :

योजनाको इकाई बाँडफाँड भएको एक महिनाभित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ। तत्पश्चात् सामूहिक लगानी योजना सम्बन्धी नियमावली, २०६७ (संशोधन सहित) को व्यवस्था बमोजिम दैनिक/साप्तहिक खुद सम्पत्ति मूल्य गणना गरी योजना व्यवस्थापकको वेभसाईट www.citizenscapital.com.np मार्फत सार्वजनिक रूपमा जानकारी गराईनेछ। साथै, योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक रुपमा आफ्नो वेभसाईट www.citizenscapital.com.np मा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरिक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ। खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धमा सार्वजनिक गर्ने सम्बन्धमा अन्य प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ।

८.११ योजनामा अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) सामान्य जोखिम तत्वहरु :

(१) सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पुरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :

सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ।

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :

योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ। यसको लगानी मध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ।

(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकको विगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा संकेत गर्दैन भन्ने सम्बन्धमा :

योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको संचालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सो को नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ। योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्य सम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई संकेत वा निर्देशन गर्दैन।

(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सो को जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :

योजनाको संचालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ। योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिने छैन।

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :

यस योजना अन्तर्गत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिनेछ। योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सु-व्यवस्थापन गर्ने भएता पनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन।

(ख) खास जोखिम तत्वहरु :

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :

यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा नगद लाभांश पाउने छन्। यस्तो लाभांश योजनाले आफ्नो लगानी बापत प्राप्त गर्ने पूँजीगत मुनाफा, ब्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य बृद्धि (capital gain)वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ। प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ। खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ। कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ। योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन।

(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भइरहने ब्याजदर, व्यवसाय गरिने धितोपत्रको संख्या, राफसाफ गरिने पद्धति आदिले असर पार्ने सम्बन्धमा :**

सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना संचालन तथा सो को प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरिद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रक्रियाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरिद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ । साथै, सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने ब्याजदर घटेको अवस्थामा धितोपत्र तथा वित्तीय सम्पत्तिको मूल्याङ्कनमा वृद्धि हुने र बढेको अवस्थामा कम हुन जान सक्ने हुँदा यसको असर समेत योजनाको खुद सम्पत्ति मूल्यमा पर्न जाने हुन्छ ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :**

यस योजनासंग आबद्ध कोष प्रवर्द्धक तथा यस योजना संचालन गर्ने योजना व्यवस्थापकको रेटिङ्ग श्री इक्रा नेपाल लिमिटेडबाट भएको छ । उक्त रेटिङ्ग कम्पनीले कुनै समयको विवरणको आधारमा रेटिङ्ग गर्ने हुँदा उक्त समयमा दिइएको रायले योजनाको खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता गर्दैन ।

(४) **ब्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :**

योजनाको कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेञ्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित ब्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।

(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :**

योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँड गर्ने, कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानूनी सेवा लिने, सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) मा भएको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

(६) **इक्वीटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :**

योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अन्तर्निहित रहेका हन्छन् ।

(७) **ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्नेकुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :**

योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन ।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :**

योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने विषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

(९) **ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदि बारे :**

ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतार चढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) **पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुनर्लगानी जोखिम बारे खुलाउने :**

ऋणपत्र तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन: लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा :**

योजनाको इकाईहरुको निष्काशन तथा बिक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।

(१२) योजना अन्तर्गत लगानी गरिने विभिन्न प्रकारका धितोपत्रहरुले विभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्र भन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :

योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेञ्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेञ्चर कम जोखिम पूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिमरहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

(१३) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ फ्युचर अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :

योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१४) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :

योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

(१५) योजनाको अवधिभर सो को मूल्यवृद्धिको अवसर रहने तर सो को बोनस नपाउने बारे :

योजनाको कार्य सम्पादनको आधारमा योजना अन्तर्गतका इकाईहरुको मूल्यवृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले नगद लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनस भने वितरण गर्ने छैन ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापन गरिनेछ । साथै, उच्च व्यवस्थापन सहितको संचालकहरुको जोखिम व्यवस्थापन समितिको व्यवस्था गरी सो समितिको नियमित बैठकबाट जोखिम व्यवस्थापनका लागि सल्लाह र निर्देशन दिने व्यवस्थाको अवलम्बन गरिनेछ ।

(२) सबल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा लगानी गर्ने व्यवस्था तथा प्रक्रियाको विकास गरिनेछ ।

(३) धितोपत्रमा लगानी गर्नु पूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिनेछ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ ।

(४) लगानी विश्लेषणका लागि अनुसन्धानका लागि नयाँ विभागको व्यवस्था गरिएको छ जसमा दक्ष तथा अनुभवी प्राविधिक विश्लेषक (Technical Analyst) र वित्तीय विश्लेषकको रुपमा कर्मचारीको व्यवस्था गरिएको छ ।

(५) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ ।

(६) लगानीमा जोखिम न्यूनिकरण गर्न र लगानीमा समायोचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसर अनुरुप निरन्तर लगानी विविधिकरणको प्रक्रिया अवलम्बन गरिनेछ ।

(७) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ ।

९ इकाई निष्काशन सम्बन्धी विवरण

९.१ इकाई बिक्री खुला गरिने मिति तथा अवधि :

बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको मितिले २ महिना भित्र इकाईको बिक्री खुल्ला गरिनेछ । यस विवरण-पुस्तिकाद्वारा निष्काशन गरिएको इकाईको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिनको हुनेछ, उक्त अवधिमा योजनाको सम्पूर्ण इकाई बिक्री हुन नसकेमा बढीमा १५ दिन सम्म इकाईको बिक्री खुल्ला गर्न सकिनेछ ।

९.२ आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी: :

(क) नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (संशोधन सहित) अनुसार नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र देशभरीका तिनका शाखा कार्यालहरुबाट तथा सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

९.३ निवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु :

कुनै पनि नेपाली नागरिक यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । साथै प्रचलित कानून बमोजिम दर्ता भएका फर्महरुले पनि फर्मको नामबाट यस योजनामा लगानी गर्न सक्नेछन् । साथै बैंक, वित्तीय संस्था, इन्स्योरेन्स कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोष जस्तै संचयकोष, कल्याणकारी कोष, गुठि, अक्षयकोष आदि कोषहरुको रकम यस फण्डमा लगानी गर्न सक्नेछ ।

धितोपत्र केन्द्रिय निक्षप सेवा नियमावली ,२०६७ बमोजिम हितग्राही खाता खोलेका व्यक्ति तथा संस्थाहरुले मात्र यस निष्काशनमा आवेदन दिन सक्नेछन् ।

९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या:

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० को गुणांकमा अधिकतम १,००,००,००० (एक करोड) इकाईसम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

९.५ इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

१. योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतीत भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।

२. बिक्री खुला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ ।

३. यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।

४. इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँड गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ ।

५. इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम हुनेछ धितोपत्रको केन्द्रिय निक्षेप नियमावली, २०६७ को नियम २४ को उपनियम ७ मा भएको व्यवस्था बमोजिम इकाईको बाँडफाँड अभौतिक रूपमा मात्र गरिनेछ ।

६. योजनाका इकाईहरु नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरण तथा सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. मा दर्ता गराई दोस्रो बजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

९.६ आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदन आस्वा (ASBA)को सदस्य रहेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट बुझाउन सकिनेछ ।

२. योजनाको इकाई खरिदका लागि आवेदन दिँदा आवेदन फाराममा आफूले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्ट रुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरिद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम १ करोड इकाईसम्म खरीद गर्न सकिनेछ । आवेदन फाराम साथ आवेदन बापतको शत्प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।

३. योजना निष्काशन सम्बन्धी विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्बन्धित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ ।

४. आवेदकले आवेदन फाराममा आफ्नो हितग्राही खाता नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ । नाबालकका हकमा नाबालकको हितग्राही खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

५. एक व्यक्ति वा संस्थाले एकभन्दा बढी आवेदन गर्न सक्ने छैन र यदि त्यस्तो पाईएमा सम्पूर्ण आवेदन रद्द गर्न सकिनेछ ।

६. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिँदा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (संशोधन सहित)" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई सी-आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त आवेदन दिनु पर्नेछ ।

क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्ने ।

ख) आवेदन दिँदा धितोपत्र जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने ।

ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि/स्पष्ट उल्लेख गरिनुपर्ने ।

घ) आवेदकले आफू स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्ने ।

ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धित संकलन केन्द्र (आस्वा सदस्य बैंक तथा वित्तीय संस्था) सँग अनिवार्य लिनुपर्ने ।

च) बैंक खाता रोक्का भए/नभएको यकिन गर्नुपर्ने ।

छ) एक व्यक्ति वा संस्थाले आफूले खरिद गर्न चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गर्न सकिनेछ ।

ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई इकाईको बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

७. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तीय संस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तीय संस्थाबाट सि-आस्वा (CASBA) प्रणाली अन्तर्गत मात्र आवेदन गर्न सकिनेछ। सहभागी बैंकहरुले रु.५,००,००० वा सो भन्दा बढी दरखास्त दिने आवेदकको प्यान नम्बर लिनुपर्ने तथा आवेदन बापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरी आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ।

८. योजनाको कार्य प्रगति सम्बन्धमा जानकारी प्राप्त गर्ने, योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने, योजनाको संचालन तथा खारेजी सम्बन्धमा आफ्नो मत राख्ने, योजना सम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन् भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईवालालाई प्राप्त हुँदैन।

९. यस विवरण पुस्तिकामा उल्लेख गरिएको निकाय बाहेक अन्यले यस योजनाको विज्ञापन गर्न, जानकारी उपलब्ध गराउन वा प्रतिनिधित्व गर्न नपाउने हुँदा लगानीकर्ताले तोकिएका सहभागी बैंकहरुबाट नै इकाई खरिदका लागि आवेदन गर्नुपर्दछ।

. इकाईधनीहरुको योजना अन्तर्गतका आफ्ना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह वितरकहरु मार्फत बिक्री गर्ने तथा वितरकहरु मार्फत खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउन सकिनेछ।

१०. लगानीकर्ताले इकाईमा लगानी गर्नुअघि यस विवरण पुस्तिकाको राम्ररी अध्ययन गर्नु पर्दछ।

१० इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा :

इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार :

(क) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्था बारे जानकारी प्राप्त गर्ने।

(ख) योजनाले वितरण गरेको प्रतिफल (लाभांश) इकाईधनीहरुको बैंक खातामा प्राप्त गर्ने।

(ग) योजना अन्तर्गतका आफ्ना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह वितरकहरु मार्फत बिक्री गर्ने तथा वितरकहरु मार्फत खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउन सकिनेछ।

(घ) योजना व्यवस्थापकको कार्य सम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने।

(ङ) योजना संचालन सम्बन्धमा कुनै गुनासो भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा बोर्डमा गुनासा राखी समाधान गराउने।

(च) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तीय विवरण सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) ले व्यवस्था गरे बमोजिम प्राप्त गर्ने।

(छ) योजना परिपक्व भए पश्चात योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी प्रचलित कानुन बमोजिम इकाईधनीहरुको बैंक खातामा जम्मा गरिनेछ।

(ज) योजनाको निष्काशन सम्बन्धी विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्बन्धित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ।

निष्काशन बैंक :

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (ASBA) (संशोधन सहित) बमोजिम आवेदन संकलन गरिने हुँदा यस निष्काशनमा कुनै निष्काशन बैंक तोकिएको छैन।

११ गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया :

योजना निष्काशनका बखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ। साथै योजना व्यवस्थापकले योजना संचालनको क्रममा सहभागीहरुका बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकका **श्री सविना कर्माचार्य**लाई कार्यान्वयन अधिकृतको रुपमा नियुक्त गरेको छ। कार्यान्वयन अधिकृतले प्राप्त गुनासो सुन्ने, सो को समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानून सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ। यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासो प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सो को समाधान गरिनेछ। लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् :

फोन नं. ४५१७७२३/४५२१२३५, एक्सटेन्सन नं. : २०१

E-mail: info@citizenscapital.com.np.

१२. योजना व्यवस्थापकको प्रतिबद्धता-पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) को प्रति :

Citizens Capital Ltd.

Citizens Capital Limited
A subsidiary of Citizens Bank Int. Ltd.
Batule Ghar, Dillibazar, Kathmandu-30

च.नं. : म.बै.वि./नि.वि./८२/२०८३/०८४

मिति : २०८३/०४/२८

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर।

विषय : प्रतिबद्धतापत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट)।

महोदय,

यस सिटिजन्स क्यापिटल लिमिटेडले सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत संचालन हुने सिटिजन्स सुपर ५० (Citizens Super 50) को इकाई निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु।

१. इकाई बिक्री प्रश्ताव प्रचलित धितोपत्र सम्बन्धी ऐन, २०६३ (संशोधन सहित), सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) तथा सामूहिक लागनी कोष निर्देशिका, २०६९ (संशोधन सहित) बमोजिम अगाडि बढाइएको हो।

२. योजना शुरु गर्न आवश्यक सबै कानूनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ।

३. विवरण पुस्तिकामा खुलाइएका विवरणहरु सहभागी लगानीकर्त्तालाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन्।

भवदीय,

सबिर बादे श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

CITIZENS CAPITAL LIMITED
Citizens Capital Ltd.
सिटिजन्स क्यापिटल लिमिटेड

Our Services
◆ Portfolio Management Services ◆ Mutual Fund ◆ Registrar to Shares
◆ Dematerialization ◆ Issue Management ◆ Underwriting ◆ Advisory
www.citizenscapital.com.np info@citizenscapital.com.np
01-4517723, 4521235, 4519667, 4517457
Spreading Prosperity, Enriching Lives

१३. प्रक्षेपित वित्तीय विवरण तयार गर्ने विज्ञ/विज्ञ संस्थाको पत्र

Prashidhda & Associates
Chartered Accountants

Tripureshwor, Kathmandu, Nepal
01-5354068

REPORT ON
EXAMINATION OF PROSPECTIVE FINANCIAL INFORMATION

We have examined the projection in accordance with the Nepal Standard on Assurance Engagements applicable to the examination of prospective financial information of **CITIZENS SUPER50 (A close-ended fund offer under management of CITIZENS CAPITAL LIMITED).** Management is responsible for the projection including the assumptions set out in Assumptions used in preparing the Prospective Financial Statement on which it is based.

This projection has been prepared for the procedure of issuing its close-ended mutual fund scheme having total size of NRs. 1 billion. The projection has been prepared using a set of assumptions, *which has been mentioned on the assumption sheets*, that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection, assuming that the assumptions used in preparing this prospective financial statement holds true. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions and is presented in accordance with Nepal Accounting Standards as far as practicable in compliance with prevailing laws.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

Prashidhda & Associates * Chartered Accountants *

Prashidhda Neupane, FCA.
Proprietor
Prashidhda & Associates,
Chartered Accountants,

Place: Kathmandu, Nepal
Date: Shrawan 28, 2083 (August 13, 2026)
UDIN : 260813CA01261gjQHg

१४. **यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत :**

क्र.सं.	संचालकहरुको नाम	पद	दस्तखत
१	श्री राजेन्द्र लाल श्रेष्ठ	अध्यक्ष	
२	श्री नारायण राज अधिकारी	संचालक	
३	श्री प्रमेश राज कायस्थ	संचालक	
४	श्री दर्शन भट्टराई	संचालक	
५	श्रीमती ज्योत्सना बोहोरा पाण्डे	स्वतन्त्र संचालक	
६	श्री अभिजित मुल	स्वतन्त्र संचालक	